**आर्थिक वर्ष २०७९।८० को लागि गाउँसभामा बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक कल्पना उप्रेतीद्वारा प्रस्तुत बैतेश्वर गाउँपालिकाको नीति तथा कार्यक्रम**

१. आदरणीय गाउँसभाका अध्यक्षज्यू, सभाका सम्पूर्ण सदस्यज्यूहरु, कर्मचारी मित्रहरु लगायत उपस्थित महानुभावहरु, नेपालको संविधान २०७२ बमोजिम निर्वाचित वैतेश्वर गाउँपालिकाको स्थानीय सरकारको पहिलो पटक वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त खुसी लागेको छ ।

आगामी वर्ष २०७९/८० मा प्रस्तुत हुने नीति तथा कार्यक्रम निर्माण गर्न ६ वटै विषयगत विकास समिति, राजश्व परामर्श समिति, स्रोत अनुमान तथा सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, पालिका अध्यक्ष एवं जनप्रतिनिधि साथीहरु, कर्मचारी मित्रहरु, विभिन्न विज्ञहरुको सुझावलाई आधार बनाई समग्र वर्तमान समुदायको आवश्यकता आकलन गरि पञ्चवर्षे आवधिक योजना तथा मध्यकालिन खर्च संरचनालाई तयार पारिएको छ ।

यो नीति तथा कार्यक्रम सम्पादन गर्दा नेपाल सरकारको आ.व.२०७९/८० को नीति तथा कार्यक्रम, बागमती प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट्का प्राथमिकताहरुलाई समेत अध्ययन र मनन गरिएको छ ।

२. समृद्ध वैतेश्वर निर्माणका लागि सबैको साथ वैतेश्वरको विकास गर्ने सोच तथा पूर्वाधारको विकास अगाडी बढाएर आर्थिक विकास एवं गुणस्तरीय जीवन निर्माणमा सहयोग पुर्याउने पालिकाको लक्ष्य तथा उद्धेश्य रहेको छ ।

३. पालिका भित्र रहेका अस्पताल, ५ वटै स्वास्थ्य चौकी, प्रसुती गृह तथा ३ वटै सामुदायिक स्वास्थ्य ईकाइ, १ आधारभूत स्वास्थ्य केन्द्रलाई थप व्यवस्थीत र स्तरोन्नती गर्दै लगिने छ ।साथै वडा नं.२ मा रहेको सामुदायिक स्वास्थ्य ईकाइलाई स्वास्थ्य चौकीमा स्तरोन्नती गरिने छ ।

४. मानविय जनस्वास्थ्यलाई सुधार ल्याउन पालिका भित्रका सार्वजनिक स्थलहरुमा धुम्रपान र मध्यपान सेवन गर्न निरुत्साहित गरिने कार्यक्रमहरु ल्याइने छ ।

५. प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराई पालिकालाई पूर्ण खोपयुक्त सुनिश्चितता घोषणा गरिने छ ।

६. परिवार स्वास्थ्य वीमा कार्यक्रम सबै नागरिकहरुलाई आवद्ध गराउन थप प्रोत्साहन गरिने छ ।

७. कृषि क्षेत्रमा आधुनिकिकरण तथा प्रविधिमैत्री बनाउँदै कृषकहरुलाई व्यवसायिक कृषिमा प्रोत्साहन गरिनेछ । वैतेश्वर वासीलाई सुखी, खुसी र समृद्ध बनाउन कृषकमुखी योजनालाई अघि बढाइने छ । जसको लागि वडा वडामा कृषि प्राविधिकहरु खटाई जग्गा बाँझो राख्न निरुत्साहीत गरिने छ ।

८. कृषि उत्पादन सँगै कृषकहरुलाई पशुपालनका लागि प्रोत्साहन गरिनेछ । पशुवस्तुको जोखिम न्यूनिकरण गर्न पशु वीमा कार्यलाई निरन्तरता दिइनेछ । साथै कृषि उपज वृद्धि

२०७९।०३।१०

गर्न कृषकहरुलाई प्लाष्टिक टनेल, थोपा सिंचाई जस्ता सहयोगी कार्यक्रम अघि बढाइने छ ।

९. सबै सामुदायिक वनको संरक्षणका लागि आवश्यक समन्वय गरिनेछ । वातावरण प्रदुषित हुन नदिन शहरउन्मुख वस्तीहरुमा फोहोरमैलाको उचित व्यवस्थापन गरिनेछ। पालिका भित्रका सवै घरमा शौचालय निर्माण गर्न प्रोत्साहन गरिनेछ ।

१०. एक घर एक धारा अभियानलाई निरन्तरता दिइनेछ । पानीका स्रोत संरक्षण गरि समुदायलाई स्वच्छ पिउने पानीको प्रबन्ध मिलाइने छ । यसका लागि स्रोत नभएको ठाउँमा तामाकोशी नदी र खानीखोलाबाट लिफ्टिङबाट खानेपानीको व्यवस्था मिलाउन विभिन्न निकाहरुसँग समन्वय गरिनेछ।

११. वैतेश्वर गाउँपालिकाका प्रमुख सडकहरुलाई स्तरोन्नती गर्दै नाम्दु पाँडुडाँडा सडक कालोपत्रे गर्ने व्यवस्था गरिनेछ ।

१२. पालिकाका सबै वडा कार्यालयको सुरक्षाका लागि घेराबार लगाउने व्यवस्था गरिनेछ ।

१३. पूर्वाधार विकासका कार्यलाई संचालन गर्दा विपद जोखिम संवेदनशिलतालाई सघाउ पुर्‍याउन प्राविधिक परिचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१४. पालिका भित्रका विभिन्न नदी, खोला,खहरे आदिबाट आवत जावत गर्न कठिनाई भएका ठाउँमा झोलुङ्गेपुल र सडक पुल निर्माण गर्न पहल गरिनेछ ।

१५. पालिका भित्रका मनोरम स्थलहरुमा आन्तरीक तथा वाह्य पर्यटक भित्र्याउनका लागि पर्यटकीय स्थलहरुको प्रचार प्रसार र प्रवर्द्धन गरिनेछ । साथै विभिन्न स्थानमा पार्क, पिकिनिक स्पोर्ट, होमस्टे बनाउन समुदायलाई प्रोत्साहन गरिनेछ ।

१६. बिरामी तथा घाइते व्यक्तिहरुलाई तत्काल आकस्मिक उपचार गर्न विभिन्न स्थानमा लैजान आवश्यक स्थानमा हेलीप्याड निर्माण गर्न जोड दिने ।

१७. पालिकाले पहिचान गरेका ऐतिहासिक धरोहरहरुको तथा पर्यटकीय क्षेत्रको प्रवर्द्धनका लागि वृत चित्र तथा अन्य प्रचारात्मक सामाग्री तयार गरि पर्यटकलाई आकर्षण गर्ने कार्यक्रम ल्याइनेछ ।

१८. पालिका भित्र रहेका वालविकास केन्द्र सहयोगी कार्यकर्ताहरुलाई विद्यालय पोशाक र प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ । साथै सामुदायिक विद्यालय र स्नातक कक्षा सचालन भएका क्याम्पसहरुलाई पूर्वाधार विकासका लागि गरिदैं आएको सहयोगलाई निरन्तरता दिइनेछ ।

१९. आधारभूत तहको तोकिएका कक्षाहरुमा स्थानीय पाठ्यक्रम निर्माण कार्य सम्पन्न भएकोले २०७९ को शैक्षिक सत्रबाट पठनपाठन सुरु गरिनेछ । साथै पाठ्यक्रम बमोजिम पाठ्यपुस्तक तथा पाठ्यसामाग्री निर्माण गरिने छ ।

२०. MBBS अध्ययनको लागि गाउँपालिका भित्रका विधार्थीहरुलाई प्रोत्साहन गरिनेछ । साथै गरीब तथा जेहेन्दार विधार्थीको लागि सिभिल ईन्जिनियरिङ अध्ययनमा प्रोत्साहन गरिनेछ ।

२१. पालिकाका विभिन्न शिक्षालयहरुलाई प्रभावकारी र गुणस्तरीय शिक्षा प्रवाह गर्न प्रोत्साहन गरिनेछ । यसको लागि नियमित अनुगमन कार्यलाई जोड दिइनेछ । साथै गाउँपालिकाका १ देखी ५ सम्मका सामुदायिक विद्यालयहरुमा अंग्रेजी माध्यमबाट पठनपाठन गरिने तथा कम्प्युटर शिक्षालाई जोड दिने निति ल्याइनेछ ।

२२. सार्वजनिक पदधारण गर्ने व्यक्तिहरुका छोराछोरीलाई सामुदायिक विद्यालयमा पठनपाठन गराउनु पर्ने पालिकाको नीति अवलम्बन गरिनेछ । त्यस्तै विद्यार्थी सिकाइ उपलब्धिका आधारमा विद्यालयलाई पुरस्कृत गर्दै लगिने छ । साथै शिक्षकहरुको पेशागत विकास तथा क्षमता अभिवृद्धिको लागि पूनर्ताजगी तालिम संचालन गरिनेछ ।

२३. गाउँपालिका स्तरीय अध्यक्ष कप साथै राष्ट्रपति रनिङ शिल्ड र अन्य खेलकुद प्रतियोगितामा विद्यार्थीलाई सहभागी गराउन प्रोत्साहित पारिने छ । साथै समुदायमा रहेका यूवा खेलाडीहरुलाई खेलकुद प्रति आकर्षित पारिनेछ ।

२४. गाउँपालिका भित्रका शैक्षिक संस्थाहरुमा दण्डरहीत शैक्षिक वातावरण कायम गर्ने निति ल्याइनेछ ।

२५. राजश्वका स्रोत दायरा  र दर विश्लेषण गरि पालिकाको आन्तरिक स्रोत वृद्धि गर्ने उपायहरुको खोजि गरिनेछ ।

२६. विभिन्न व्यक्तिहरुको सशक्तिकरण गर्ने नीति पालिकाको रहेकोले लैंगीक उत्तरदायित्व वहन गर्न समुदायमा रहेका व्यक्ति, संघ-संस्थाहरुलाई आह्वान गरिनेछ । साथै महिला, अपांगता भएका व्यक्ति तथा विभेदमा परेका व्यक्तिहरुलाई सबैखाले विकास निर्माणका कार्यमा उच्च सहभागित र उच्च मानवित सम्मान गर्ने तर्फ लाग्न, लगाउन सबैलाई प्रोत्साहन गरिनेछ ।

२७. श्रम शक्तिमा उच्च सहभागिता जनाउन समुदायका व्यक्तिहरुलाई आावश्यक सीपमूलक तालिमको व्यवस्था मिलाइनेछ ।

२८. पालिकाको स्थानीय न्यायिक समितिको भूमिकालाई थप प्रभाबकारी बनाउनेछ । साथै न्यायिक इजलास कार्यालयको क्षमता अभिवृद्धि गर्नुका साथै ८ वटै वडा कार्यालयमा रहेका वडा मेलमिलाप केन्द्रको थप ब्यवस्थापन गरिनेछ ।

२९. बैतेश्वर गाउँपालिका बेरोजगार युवायुवतीहरुको खोजी गरि व्यक्तिको विवरण संकलन गरिनेछ र उपलब्ध सुची मध्ये छनौटमा परेका व्यक्तिहरुलाई पालिकाभित्र निर्माण, उद्योग कृषी,पर्यटन आदि क्षेत्रमा काम गर्न आंशिक रोजगारमा आवद्ध गराईनेछ ।

३०. सामाजिक कुरीति-छुवाछुत, अन्धविश्वास, लैगिक विभेद, हिंसाका घटनाहरुलाई कमि गर्न समाजलाई रुपान्नतरण गर्ने कार्यक्रम अघि बढाईनेछ ।

३१. बैतेश्वर गाउपालिकाको केन्द्र, सबै वडा कार्यालय तथा विषयगत शाखाहरुमा सुचना तथा संचारको प्रभाबकारी व्यवस्थापन गरि सुचना प्रविधिमैत्री बनाएर थप सेवा प्रदान गरिनेछ ।

३२. पालिकाको अधिकार क्षेत्रभित्रको पर्ने समान प्रकृतिका सहकारी संघ संस्थाहरुलाई एक आपसमा एकिकरण गरि सेवा प्रदान गर्न उत्प्रेरित पारिनेछ कृषी तथा सेवामा

कृषकहरुलाई लगानी गरि उनिहरुको आय आर्जनमा वृद्धि गराई गरिबी न्यूनीकरण गर्न सहयोग पुर्‍याउने सहकारीहरुलाई पुरस्कृत गरिनेछ ।

३३. सेवा प्रवाह संस्थागत विकास र सुशासनलाई मुख्य प्रथामिकता दिई प्रशासनिक सुधारमा जोड दिईनेछ ।

३४. पालिका भित्र रहेका स्थानीय सीप, कला,श्रोत साधन तथा प्रविधिको प्रयोगलाई व्यवसायिक बनाउन उनिहरुको आत्मनिर्भरका लागि अग्रसर उद्यमिलाई उद्यम विकासमा सघाउ पुर्‍याइनेछ ।

३५. लैंगीक हिंसा न्यूनीकरणमा जोड दिइनेछ । बालवालिकाको प्रतिभा प्रस्फुटन गर्न कार्यक्रम ल्याइनेछ । साथै वालमैत्री स्थानीय शासन घोषणा गरिनेछ ।

३६. जेष्ठ नागरिक, अपाङ्ग, असहाय नागरिकहरुलाई सामाजिक सुरक्षा तथा संरक्षणको प्रत्याभूति दिलाईनेछ ।

३७. वैकल्पिक उर्जाको प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।

३८. स्थानीय स्तरको उत्पादनलाई बजारीकरण तथा व्यवस्थापन गर्न उधोग स्थापना गर्नेलाई गाउँपालिकाको तर्फबाट प्रोत्साहन गरिनेछ ।

३९. बर्थिङ सेन्टरहरुमा सुत्केरी हुने अनुपातलाई बढाउँदै क्रमश जिरो होम डेलिभरी पालिका घोषणा गरिनेछ ।

४०. जलवायु परिवर्तनको असर न्यूनिकरण गर्न दिगो पर्यावरणीय प्रणाली अनुकुल दिगो विकासका लक्ष्य प्राप्तिका लागि देशले अंगिकार गरेका सुचकहरुमा बढोत्तरी ल्याउन आवश्यक बजेट व्यवस्था गरिनेछ ।

४१. एक वडा एक भेटेरिनरी प्राविधिकको व्यवस्था गरिनेछ । साथै पशु बिमा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४२. रैथाने जातका पशु तथा पन्छीहरुको संरक्षण र सम्बर्दन कार्यक्रम संचालन गरी जैविक विविधतामा जोड दिइनेछ ।

४३. गाउँपालिका भित्रका पशुपालन गर्ने कृषकहरुलाई उन्नत जातका पशुपन्छी तथा डाले घाँस र भुईघाँसका विरुवा वितरण गरिनेछ । साथै पालिकालाई क्रमशः दुध, मासु तथा अण्डामा आत्मनिर्भर बनाउँदै लगिनेछ ।

४४. **"भरिलो भकारी-कृषिमा सहकारी"** अभियान संचालन गर्दै कृषि सहकारी संस्थाहरुसँग साझेदारी गरि स्थानिय बिउ उत्पादन र संरक्षण कार्यक्रमको सुरुवात गरिनेछ ।

४५. **"किसानको हात-गाउँपालिकाको साथ"** भन्ने नाराका साथ यस पालिकाको विभिन्न क्षेत्रमा निश्चित कृषि उपज संकलन केन्द्रको स्थापना गर्दै कृषि उत्पादनलाई बजारीकरण गर्न रासायनिक मल लगायत ढुवानीलाई व्यवस्थित गरिनेछ ।

४६. **"हाम्रो कृषि- हाम्रो गौरव"** भन्ने नाराका साथ माटो परिक्षणका आधारमा सम्भाव्यता हेरी आवश्यक स्थानमा फलफुल तथा खाधान्न वालीको बिउ, विरुवा, विषादी वितरण गर्दै कृषि उपज उत्पादनमा पालिकालाई आत्मानिर्भर बनाउँदै लगिनेछ ।

२०८१/०३/१०

अध्यक्ष

४७. गाउँपालिका र अन्तर्गतका कार्यालयहरुमा कामकाज र सेवा प्रवाहमा सुचना प्रविधिको प्रयोग र क्षमतालाई स्तरोन्नती गर्दै लगिनेछ । साथै E-Goverence कार्यालयको अवधारणालाई आत्मासाथ गरिनेछ ।

४८. बजारक्षेत्र, सार्वजनिक कार्यालय तथा विधालयहरुमा सुरक्षा र निगरानीको लागि सिसिटिभि जडान कार्यको सुरुवात गरिनेछ । साथै धार्मिक तथा पर्यटकीय स्थलहरुमा फ्रि वाइफाइ जडान कार्यको थालनी गरिनेछ ।

४९. शैक्षिक संस्थाहरुमा सूचना प्रविधिमैत्री शिक्षण सिकाई कार्य गर्न आवश्यक प्रबन्ध मिलाइनेछ । साथै सूचना प्रशारण तथा प्रवाह गर्न गाउँपालिकास्तरीय एफ.एम.रेडियो स्थापन गरिनेछ ।

५०. इन्टरनेट सेवा प्रदायकहरु सँगको सहकार्य र समन्वयमा प्रत्येक नागरिकलाई ब्रोडव्यान्ड इन्टरनेट सेवाको पँहुच सूनिश्चित गरिनेछ ।

५१. ३५ दिनभित्र घटेका व्यक्तिगत घटना दर्ता गर्नेलाई प्रोत्साहन गर्ने निति ल्याइनेछ ।

५२. वैतेश्वर गाउँपालिका भित्रका नागरिकहरुले ५ रोपनी भन्दा बढी जग्गामा व्यवसाय गर्न चाहेमा गाउँपालिकाले प्राविधिक, ब्रिउ, रासायनिक मल विजन तथा यान्त्रिकरणमा आवश्यक सहयोग गर्ने व्यवस्था मिलाइनेछ ।

५३. प्रधानमन्त्री स्वरोजगार कार्यक्रमलाई प्रभावकारी बनाउन गाउँपालिकाबाट लागत साझेदारी गरि EMIS मा प्रविष्ट भएका सूचिकृत बेरोजगारी व्यक्तिहरुलाई प्राथमिकिकरणको आधारमा न्युनतम १०० दिन बराबरको रोजगार उपलब्ध गराई सिप तथा क्षमता अभिवृद्धि कार्यक्रम अगाडी बढाइनेछ ।

५४. गाउँपालिका भित्रका सडकहरुको चालु वर्ष तयार पारिएको रोड इन्भेन्ट्रीको आधारमा स्तरोन्नती गर्दै लगिनेछ । साथै आवश्यकता पहिचान गरी सुरक्षित सडकहरु विस्तार गरिनेछ ।

५५. वैतेश्वर गाउँपालिका भित्र भिम बहादुर तामाङ स्मृती प्रतिष्ठान स्थापना गरिनेछ ।

५६. बैदेशकि रोजगारीबाट फर्केका १६ देखी ४० वर्ष उमेरका नागरिकलाई प्राविधिक सिप विकास तालिम संचालन गरी उधमशिल नागरिक तयार गरिनेछ ।

५७. नेपाल सरकारबाट शिक्षण संस्थाको लागि प्राप्त हुने दिवा खाजा कार्यक्रम लाई प्रभावकारी बनाउन गाउँपालिकाको तर्फबाट लागत साझेदारी गरि रु १५ बाट २० पुऱ्याईनेछ ।

धन्यवाद

२०७८/०३/१०
अध्यक्ष